# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९ ) काठमाडौं, माघ १८ गते २०५६ साल ( अतिरिक्ताङ्क ४१ (च)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्रीमार्फत अर्थ मन्त्री श्री महेश आचार्यले आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

साथै मौसूफबाट रिक्त हुन आएको अर्थ मन्त्रालयको कार्यभार प्रधानमन्त्रीको सिफारिशमा परराष्ट्र मन्त्री डा. श्री रामशरण महतले सम्हाल्ने गरी तोकिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट सम्वत् २०५६ साल जेठ १७ गते प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा गठन तथा असार १६ गते हेरफेर गरिबक्सेको मौजुदा मन्त्रिपरिषद्मा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा श्री रामचन्द्र पौडेललाई उप-प्रधानमन्त्री पदमा नियुक्ति गरिबक्सी सूचना तथा संचार मन्त्रालयको कार्यभार समेत सम्हाल्ने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।